[प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ द्वारा स्थापित]

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

कोशी प्रदेश, भद्रपुर, झापा

**फोन: ०२३-४५२१०८**

## चमेना गृह संचालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सम्झौता संकेत नः PRTA/SQ/S/2083/84-04**

**सूचना प्रकाशित मितिः २०८३/०४/१२**

१. यस प्रतिष्ठानले आ.व. २०८३/८४ को लागि सहभागी तथा कर्मचारीहरुको लागि चमेना गृह संचालन सम्बन्धि सेवा तथा सुबिधाहरुको लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली अनुसार सम्पूर्ण सेवा प्रदायकहरुको जानकारीको लागि पुनः सिलबन्दी दरभाउपत्र आह्वान गर्दछ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक र योग्य बोलपत्रदाता/सेवा प्रदायकहरुले थप जानकारी लिन वा सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात (Sealed Quotation Document) सूचना प्रकाशित भएको मितिबाट मिति २०८३/०४/१८ गते सम्म कार्यालय समय भित्र रु. १,००० (फिर्ता नहुने गरी) दस्तुर तिरी फर्म/संस्था दर्ता प्रमाणपत्र र मू.अ.कर/स्थायी लेखा नं दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित लिखित निवेदन पेश गरि यस प्रतिष्ठानबाटबाट सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्न सकिनेछ।

३. सिलबन्दी गरिएको दरभाउपत्र यस प्रतिष्ठानमा मिति २०८३/०४/१८ गते अपरान्ह ५:०० बजे भित्र पेश गरिसक्नुपर्नेछ। उल्लेखित मिति र समय भन्दा ढिलो गरि प्राप्त भएका सिलबन्दी दरभाउपत्र स्वीकार गरिनेछैन।

४. तोकिएको समय भित्र प्रप्त्र भएका सिलबन्दी दरभाउपत्रहरु मितिः २०८३/०४/१९ गते अपरान्ह १:३० बजे उपस्थित हुन चाहने सेवा प्रदायकका प्रतिनिधिहरुको रोहवरमा यस प्रतिष्ठानको कार्यालय, कलवलगुरि, झापामा खोलिनेछ तर सेवा प्रदायकका प्रतिनिधिहरुको उपस्थिति नभए पनि प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु खोल्न कुनै बाधा पर्ने छैन।

५. सिलबन्दी दरभाउपत्रको मान्य हुने अवधि सिलबन्दी दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरि ४५ दिन सम्मको लागि हुनेछ।

६. सिलबन्दी दरभाउपत्र साथ कम्तिमा रु. ५०,००० को बोलपत्र जमानत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ र त्यस बोलपत्र जमानतको मान्य हुने अवधि सिलबंन्दी दरभाउपत्रको मान्य हुने अवधि भन्दा कम्तिमा ३० दिन बढी अर्थात् कम्तिमा मिति २०८३/०७/०१ गते सम्मको हुनु पर्नेछ।

७. सेवा प्रदायकले बोलपत्र जमानत बापत नगदै राख्न चाहेमा प्रदेश अनुषन्धान तथा प्रशिक्षण प्रतिष्ठान, भद्रपुर, झापाको राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर झापामा रहेको बैंक खाता नं.: २२१०१००२०२०८०४०१ मा त्यस्तो रकम जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

८. सिलबन्दी दरभाउपत्र कागजात खरिद गर्ने र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ। यस्तो अवस्थामा सिलबन्दी दरभाउपत्र तथा सिलबन्दी दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिबाट गणना गरिने छ।

९. सिलबन्दी दरभाउपत्र आंशिक वा पुरै स्वीकार वा अस्विकार गर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानमा निहित रहनेछ।

१०. यस सम्बन्धि विस्तृत जानकारीका लागि यस प्रतिष्ठानको खरिद इकाईमा सम्पर्क गरि बुझ्न सकिनेछ।